# राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग
## National Natural Resources and Fiscal Commission

प. सः

च. नं. / Ref:

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग सिंहदरवार, काठमाडौं

## प्रेस विज्ञप्ति

मिति २०७७ माघ ९ गते शुक्रबारका दिन प्रदेश नं. २ का माननीय प्रदेश प्रमुख श्री तिलक परियारज्यू समक्ष राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका माननीय अध्यक्ष श्री बालानन्द पौडेलज्यूले आयोगको प्रदेश नं. २ सँग सम्बन्धित आयोगको दोस्रो बार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभयो। उक्त प्रतिवेदनमा संघीय सरकारबाट प्रदेश नं. २ र अन्तर्गतका स्थानीय तहहरु तथा प्रदेश सरकारबाट भएका राजस्व बाँडफाँड, वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँड, सवारी साधन कर बाँडफाँड तथा प्रदेश र स्थानीय सरकारलाई आन्तरिक ऋणको सीमा सम्वन्धमा गरिएका सिफारिसहरू समावेश गरिएका छन्।

उक्त अवसरमा माननीय प्रदेश प्रमुखज्यूले आयोगलाई धन्यवाद व्यक्त गर्नुभयो । साथै संघ, प्रदेश र स्थानीय तहबीच कार्य विशिष्टिकरणमा संघीय सरकारलाई आफ्नो तर्फबाट समेत राय सुझाव दिइने विचार व्यक्त गर्नुहुँदै यो प्रतिवेदन मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमार्फत् प्रदेशसभामा पेस गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

सो अवसरमा आयोगका माननीय अध्यक्षज्यूले प्रतिवेदनको संक्षिप्त प्रस्तुतीकरण गर्दै संघीय इकाइहरुबीच कार्यहरुको थप प्रष्टता र मापदण्ड निर्धारण हुनुपर्ने जसले Vertical तथा Horizontal Fiscal Gap निकाल्न सहज हुने र सोका आधारमा वित्तीय समानीकरण अनुदान सिफारिस गर्न मद्दत पुग्ने विश्वास व्यक्त गर्नुभयो।

२०७७/१०/०९

माघ ०९, २०७७

(कृष्ण बहादुर वोहरा)

प्रवक्ता

सिंहदरवार, काठमाडौं, नेपाल, फोन नं. + ९७७-१-४२००५९२, फ्याक्स: + ९७७-१-४२००५९३
Singh Durbar, Kathmandu, Nepal, Tel: +977-1-4200592, Fax: +977-1-4200593
E-mail: info@nnrfc.gov.np, Website: www.nnrfc.gov.np